नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ | अङ्क १ | असोज २०८१ | सेप्टेम्बर-अक्टोबर २०२४

# प्रत्यक्ष वैदेशिक लगानी र वैदेशिक ऋणसम्बन्धी अन्तरक्रिया



विदेशी विनिमय व्यवस्थापन विभागले भदौ ३१ गते काठमाडौंमा प्रत्यक्ष वैदेशिक लगानी र वैदेशिक ऋण सम्बन्धमा नियमनकारी निकाय र सरोकारवालाहरूबीच अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । प्रत्यक्ष वैदेशिक लगानी र बाह्य ऋणका सम्बन्धमा भएका नीतिगत तथा व्यावहारिक पक्षका सम्बन्धमा छलफल गर्न र सम्बद्ध नियमनकारी निकाय तथा सरोकारवालासँगको समन्वयलाई थप प्रभावकारी बनाउने उद्देश्यले अन्तरक्रिया आयोजना गरिएको जनाइएको छ ।

कार्यक्रममा गभर्नर अधिकारीले कमजोर पूर्वाधार भएको मुलुकमा वैदेशिक लगानीको महत्त्वबारे प्रकाश पार्दै विदेशी लगानीलाई आकर्षित गर्न लगानीमैत्री नीति तयार गर्नुपर्ने र सोको कार्यान्वयनका निम्ति सम्बद्ध निकायहरूबीच प्रभावकारी समन्वय हुनुपर्नेमा जोड दिनुभयो । सोसम्बन्धी कानुनी र नीतिगत सुधारका निम्ति राष्ट्र बैंक सधैँ तयार रहेको उहाँको भनाइ थियो । मुलुकमा लगानीको वातावरण सिर्जना गर्न लगानीकर्तालाई संरक्षण गर्नुपर्ने र तिनलाई विश्वस्त पार्नुपर्ने उल्लेख गर्दै गभर्नर अधिकारीले भन्नुभयो, “हामीले कानुनी र नीतिगत परिवर्तनबाट पर्नसक्ने असरबाट कसरी लगानीकर्तालाई संरक्षण गर्न सक्छौं, कसरी नीतिको पूर्वानुमानका सम्बन्धमा उनीहरूलाई आश्वस्त पार्न सक्छौं ? यसमा गम्भीर रहन आवश्यक छ ।” साथै, विदेशी लगानीप्रतिको नकारात्मक सोचमा समेत परिवर्तन हुनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो । विदेशी लगानीकर्तालाई सहज सेवा प्रवाह गर्नका लागि एकल विन्दु सेवा केन्द्र सञ्चालनमा ल्याइएको उल्लेख गर्दै गभर्नर अधिकारीले लगानीकर्तालाई सन्तुष्ट राख्नुपर्नेमा बैंक प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा आयोजक विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले विदेशी ऋण लगानीसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था र अधिवक्ता प्रा. अञ्जनकुमार दाहालले 'Foreign Direct Investment (FDI) in Nepal: Requirements for Regular Changes' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीबीच प्रत्यक्ष वैदेशिक लगानी र वैदेशिक ऋणका सम्बन्धमा रहेका कानुनी तथा व्यावहारिक समस्या र सोको समाधानका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा कम्पनी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार प्रदीपराज अधिकारीले लगानीकर्तालाई सहजीकरण र प्रभावकारी सेवा प्रवाहका निम्ति कार्यालयले डिजिटलाइजेशन र ई-गभर्नेन्सका क्षेत्रमा गरेका सुधारात्मक कामकारबाहीबारे जानकारी दिनुभयो । लगानी बोर्डका सहसचिव प्रद्युम्नप्रसाद उपाध्यायले लगानी प्रवर्द्धनका लागि सरकारी निकायहरूबीच समन्वय र प्रशासकीय क्षमता अभिवृद्धि हुनपर्ने उल्लेख गर्दै लगानी भित्र्याउनका निम्ति लगानीकर्ताको मनोबल उच्च पार्नुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा बरिष्ठ डेपुटी गभर्नर नीलम ढुङ्गाना तिम्सिना, विदेशी विनिमय व्यवस्थापन विभागका अधिकारी, नेपालमा विदेशी लगानी रहेका कम्पनी, रेटिङ एजेन्सी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, कानुन व्यवसायी, गैरआवासीय नेपाली सङ्घलगायतका निकायका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा निर्देशक निश्चल अधिकारीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक निमिशा कुँवरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

## SARFII को नेतृत्व राष्ट्र बैंकमा हस्तान्तरण

# गभर्नर अधिकारी अध्यक्ष चयन

South Asia Region Financial Inclusion Initiative (SARFII) को नेतृत्व नेपाल राष्ट्र बैंकमा हस्तान्तरण भएको छ।

नेतृत्व हस्तान्तरणसँगै बैंकका तर्फबाट गभर्नर महाप्रसाद अधिकारी SARFII को अध्यक्ष चयन हुनुभएको छ। मध्य अमेरिकी मुलुक एल्साल्भाडोरको राजधानी सान्साल्भाडोरमा २-५ सेप्टेम्बर, २०२४ मा सम्पन्न 'Alliance for Financial Inclusion (AFI) - Global Policy Forum' को बैठकअन्तर्गत सेप्टेम्बर ४ मा आयोजित '5th SARFII Leaders Roundtable' का क्रममा SARFII को अध्यक्षता नेपाल राष्ट्र बैंकमा हस्तान्तण भएको हो। सो अवसरमा गभर्नर अधिकारी भर्चुअल माध्यमबाट सहभागी भई बैठकको



अध्यक्षता ग्रहण गर्नुभयो।

बैठकले स्टेट बैंक अफ पाकिस्तान (SBP) लाई SARFII को उपाध्यक्ष चयन गरेको छ। यसअघि SARFII को नेतृत्व माल्दीभ्स मनिटरी अथोरिटीमा थियो भने राष्ट्र बैंकका तर्फबाट गभर्नर अधिकारी उक्त सञ्जालको उपाध्यक्ष हुनुहुन्थ्यो।

सन् २०२२ सेप्टेम्बरमा जोर्डनको डेड सीमा सम्पन्न 'Global Policy Forum' को बाह्रौं बैठकका क्रममा SARFII स्थापना भएको थियो। नेपाल राष्ट्र बैंकसहित बङ्गलादेश, भुटान, माल्दीभ्स, पाकिस्तान र श्रीलङ्काका केन्द्रीय बैंकहरू उक्त सञ्जालमा आबद्ध छन्।

क्षेत्रीयस्तरमा ज्ञान आदानप्रदान, क्षमता अभिवृद्धि र संयुक्त सिकाइ अभ्यास, प्राविधिक सहायताको कार्यान्वयन, विश्वव्यापी र क्षेत्रीयस्तरका असल अभ्यासको अनुसरण गर्दै वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्ने लगायतका उद्देश्यसहित SARFII स्थापना गरिएको थियो। ■

# BOK-KPP कार्यक्रमसम्बन्धी समझदारी

नेपाल राष्ट्र बैंक र बैंक अफ कोरियाबीच '2024 BOK Knowledge Partnership Program' कार्यक्रम सञ्चालन गर्ने समझदारी भएको छ।

भदौ ११ गते काठमाडौंमा आयोजित एक कार्यक्रममा दुई बैंकबीच BOK-KPP को समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो। समझदारीपत्रमा नेपाल राष्ट्र बैंकको तर्फबाट गभर्नरको कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेल र बैंक अफ कोरियाको तर्फबाट उक्त बैंकको अन्तर्राष्ट्रिय मामिला विभागका स्याङजिन सङले हस्ताक्षर गर्नुभएको थियो। समझदारीअनुसार नेपाल राष्ट्र बैंक, बैंक अफ कोरिया र डङगक युनिभर्सिटी, कोरियाको संयुक्त अनुसन्धान टोलीले 'Regulatory and Oversight Framework of Payment System' विषयमा अध्ययन/अनुसन्धान गर्नेछ।



कार्यक्रममा कोरियाली टोलीका तर्फबाट डा. जुङवान ह्युन र डा. क्युङजिन जेओनले दक्षिण कोरियामा भुक्तानी प्रणालीको विकास र वर्तमान अवस्था तथा भुक्तानी प्रणाली विभागका उप-निर्देशक पुष्करराज भट्टराईले नेपालमा भुक्तानी तथा फछ्र्यौट प्रणालीको स्थितिबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। सो अवसरमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले स्वागत मन्तव्य राख्नुभयो भने डङगक युनिभर्सिटीका प्राध्यापक एवम् BOK-KPP कार्यक्रमका परियोजना प्रमुख डा. क्योङ हुन काङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यस कार्यक्रमअन्तर्गत संयुक्त अनुसन्धान टोलीले नेपालको भुक्तानी प्रणालीको नियामकीय र सुपरिवेक्षकीय संरचनाबारे नेपाल राष्ट्र बैंकलाई अन्तरिम र अन्तिम (विस्तृत) गरी दुई चरणमा नीतिगत सुझावसहितको प्रतिवेदन प्रस्तुत गर्ने जनाइएको छ। बैंक अफ कोरियाको तर्फबाट BOK-KPP कार्यक्रम कार्यान्वयनमा ल्याइएको यो आठौं पटक हो। सन् २०१७ बाट उक्त कार्यक्रम सुरु भएको थियो। ■

# महोत्तरीको गौशालामा वित्तीय साक्षरता कार्यक्रम



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले भदौ १४ गते महोत्तरीको गौशालामा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा स्थानीय साना व्यवसायी, कृषक, शिक्षक, विद्यार्थी र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ८० जनाको सहभागिता थियो ।

सो अवसरमा महाशाखाका का.मु. निर्देशक नवीना ढकालले वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, व्यक्तिगत वित्त र सोको प्राथमिकता निर्धारणलगायतका विषय समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । सोपश्चात् सहभागीलाई चार वटा समूहमा विभाजन गरी कर्जा लिँदा ध्यान पुऱ्याउनुपर्ने विषयमा सामूहिक कार्यशाला सञ्चालन गरिएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक पौड्यालले वित्तीय साक्षरताको महत्त्वबारे प्रकाश पार्दै बैंकिङ प्रणालीसँग आबद्ध भई त्यसबाट लाभ लिन सहभागी विद्यार्थी र कृषकहरूलाई आग्रह गर्नुभयो । सो अवसरमा जनकपुर कार्यालयका का.मु. निर्देशक रामेश्वर पोखरेलले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने महाशाखाका सहायक निर्देशक विजयकृष्ण कुटुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# चितवनमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले भदौ १७ गते चितवनको चनौलीमा 'डिजिटल वित्तीय साक्षरता' कार्यक्रम आयोजना गऱ्यो ।

वीरगञ्ज कार्यालयको समन्वय र आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक नरेश शाक्यको उपस्थितिमा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । चितवनस्थित शहीद स्मारक कलेज, उमा-बडी आदर्श शेरचन कलेज र भीमनगर माध्यमिक विद्यालयका विद्यार्थी, शिक्षक, युवा, महिला, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ८३ जनाको सहभागिता थियो ।

कार्यक्रममा महाशाखाका का.मु. निर्देशक टेकराज भण्डारीले वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, प्राथमिकता निर्धारण, व्यक्तिगत वित्त, बचत, ऋण, लगानी, ब्याजदर, बीमा, नेपाल राष्ट्र बैंकको भूमिका र वित्तीय ग्राहक संरक्षणसम्बन्धी व्यवस्थाबारे प्रकाश पार्दै आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा भुक्तानी प्रणाली विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईंले डिजिटल वित्तीय सेवा र सोको उपयोगसम्बन्धी आधारभूत ज्ञान, विद्युतीय भुक्तानीका फाइदा, विद्युतीय भुक्तानी कारोबारको सुरक्षित प्रयोगसँगै विद्युतीय भुक्तानी सेवा प्रवर्द्धनमा राष्ट्र बैंकबाट भएका प्रयासबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रको प्रस्तुतिपश्चात् सहभागी विद्यार्थी, युवा तथा महिलाको सात वटा समूह निर्माण गरी सामूहिक छलफल गरिएको थियो ।

सो अवसरमा कार्यकारी निर्देशक शाक्यले डिजिटल वित्तीय साक्षरताको महत्त्व, यसको फाइदा तथा चुनौतीबारे उल्लेख गर्दै वित्तीय कारोबार गर्दा आवश्यक सावधानी अपनाउन सहभागीलाई आग्रह गर्नुभयो । कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक शरणकुमार अधिकारीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रितु गुप्ताले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी अनुशिक्षण



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले भदौ ८ गते काठमाडौँमा 'वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी अनुशिक्षण' कार्यक्रम आयोजना गऱ्यो ।

वित्तीय साक्षरता र ग्राहक संरक्षणसम्बन्धी निर्देशनहरूको अनुपालना एवम् समसामयिक प्रवृत्ति र चुनौतीका विषयमा केन्द्रित रहेर महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा महाशाखाका का.मु. निर्देशक नवीना ढकालले वित्तीय साक्षरतासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय साक्षरतासम्बन्धी नीति, निर्देशिका, 'वित्तीय साक्षरता मार्गदर्शन, २०७८' र 'वित्तीय साक्षरता रूपरेखा, २०२२' का मुख्य व्यवस्था, नेपालमा वित्तीय साक्षरताको स्थिति, रिपोर्टिङसँग सम्बन्धित समस्या तथा समाधानका उपायलगायतका विषयमा चर्चा गर्नुभयो । यसै गरी, उप-निर्देशक वशिष्ठ अधिकारीले वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापनसम्बन्धी प्रस्तुति दिँदै विद्यमान नीतिगत व्यवस्था, गुनासो सुनुवाइ प्रक्रिया, समस्या र चुनौती तथा केही प्रतिनिधिमूलक गुनासोसहित विविध विषयमा चर्चा गर्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थाका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सिना र लघुवित्त संस्था सुपरिवेक्षण विभागका निर्देशक चेतप्रसाद उप्रेतीले वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणका विविध पक्षमाथि चर्चा गर्नुभयो भने गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाले समापन मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा महाशाखाका उप-निर्देशक टेकराज भण्डारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक विजयकृष्ण कुटुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# पोखरामा गो-एएमएलसम्बन्धी अनुशिक्षण



पोखरा कार्यालयले भदौ १६ गते मनिचेञ्जर सञ्चालकहरूको सहभागितामा गो-एएमएलसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

वित्तीय जानकारी इकाइसँगको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यालयका निर्देशक वीना ढकाल पौडेलको संयोजकत्वमा आयोजित कार्यक्रममा इकाइका निर्देशक दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका सन्दर्भमा सूचक संस्थाबाट हुनुपर्ने रिपोर्टिङबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा इकाइका सहायक निर्देशक कमल पौडेलले गो-एएमएल प्रणालीको रजिष्ट्रेशन र रिपोर्टिङका सन्दर्भमा प्रयोगात्मक प्रशिक्षण दिनुभयो ।

कार्यक्रममा मनिचेञ्जर कम्पनीका सञ्चालक तथा प्रतिनिधिले सम्पत्ति शुद्धीकरण सम्बन्धमा आ-आफ्ना धारणा र जिज्ञासा राख्नुभएको थियो । निर्देशकद्वय रावल र पौडेलले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यक्रममा निर्देशक पौडेलले सहभागीलाई धन्यवाद दिँदै समापन मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा पोखरा कार्यालयका उप-निर्देशक विष्णुबहादुर श्रेष्ठले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक जितेन्द्रराज शाक्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# अर्घाखाँचीमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी




सिद्धार्थनगर कार्यालयले भदौ १४ गते अर्घाखाँचीमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी आयोजना गऱ्यो। आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्यामा केन्द्रित रहेर सरोकारवालाहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो।

सो अवसरमा कार्यालयका सहायक निर्देशक सन्तोष गुप्ताले तथ्याङ्कको महत्त्व, गुणस्तर, तथ्याङ्क सङ्कलनमा पर्ने कठिनाइ एवम् अर्घाखाँची जिल्लाको आर्थिक सम्भावना तथा चुनौतीका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रममा कार्यालयका निर्देशक विज्ञानराज सुवेदीले सहभागीका जिज्ञासाको जवाफ दिँदै सम्बद्ध निकायबाट समयमै यथार्थ सूचना उपलब्ध गराउनुपर्ने आवश्यकतामा जोड दिनुभयो।

सो अवसरमा अर्घाखाँचीस्थित तथ्याङ्क प्रदायक सरकारी निकायका प्रमुख/प्रतिनिधि, उद्योग वाणिज्य, निर्माण, होटल व्यवसायी सङ्घका अध्यक्ष/प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका शाखा प्रबन्धक/प्रतिनिधि, पत्रकार र अन्य सरोकारवालासहित ५६ जनाको उपस्थिति थियो।

कार्यक्रममा कार्यालयका उप-निर्देशक छविलाल घिमिरेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक पदमराज भुसालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# नेपालगञ्जमा समसामयिक विषयमा अन्तरक्रिया



नेपालगञ्ज कार्यालयले भदौ ३० गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

निर्देशक देवेन्द्र गौतमको संयोजकत्वमा आयोजित कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो। सो कार्यक्रममा उप-निर्देशक रामकुमार कार्कीले सफा नोट नीति कार्यान्वयनमा देखिएका समस्या, नोट सर्टिङ प्रक्रिया, मुद्रासम्बन्धी कसुरलगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, विद्युतीय भुक्तानी, वित्तीय साक्षरता, दसैँको निम्ति सुकिला नोट सटही सुविधाजस्ता विषयमा सहभागीहरूबीच छलफल भएको थियो। सो अवसरमा निर्देशक गौतमले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो।

सो अवसरमा सहायक निर्देशक मामराज पथिकले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो। ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

नेपालगञ्ज कार्यालयले भदौ ६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा कार्यालयका सहायक निर्देशकद्वय दीपेश यादव र रेणु सुवालले 'Monetary Policy: Introdution & Highlights of Monetary Policy of Nepal 2081/82' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँहरूले मौद्रिक नीतिको परिचय, रूपरेखा, उपकरण, प्रसार संयन्त्र, प्रभावकारिता, वित्तीय नीतिसँगको सम्बन्धबारे चर्चा गर्दै र आ.व. २०८१/८२ को मौद्रिक नीतिका प्रमुख व्यवस्थाबारे जानकारी दिनुभएको थियो ।

यसै गरी, वित्तीय संस्था सुपरिवेक्षण विभागले भदौ ७ गते काठमाडौंमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा विभागका उप-निर्देशक प्रेमलाल ज्ञवाली र सहायक निर्देशक डिल्लीकुमार थापाले 'कार्यान्वयन प्रतिवेदन तयार गर्दा ध्यान दिनुपर्ने पक्ष र प्रतिवेदन कार्यान्वयनको अवस्था' विषयमा जानकारी दिनुभयो । त्यस क्रममा उहाँहरूले संस्था निरीक्षणका कानुनी आधार, निरीक्षण तथा सुपरिवेक्षणका प्रकार, कार्यान्वयन प्रतिवेदन तयार गर्दा ध्यान दिनुपर्ने पक्ष, प्रतिवेदन कार्यान्वयन इकाइका कार्यहरू, निरीक्षण प्रतिवेदन कार्यान्वयनका चुनौतीलगायतका विषयमा जानकारी दिनुभयो ।






गभर्नरको कार्यालयले भदौ १७ गते 'आयकर प्रणाली र नेपाल राष्ट्र बैंकमा यसको प्रयोग' विषयक ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । भर्चुअल माध्यममा आयोजित कार्यक्रममा वित्त व्यवस्थापन विभागका उप-निर्देशक राजु पौडेल र सहायक निर्देशक विनु लुइँटेलले कार्यपत्र/वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा प्रस्तोताद्वयले आयकरसम्बन्धी कानुनी व्यवस्था, करका आधार, लेखाङ्कन, कर दाखिला, सोसम्बन्धी अनलाइन प्रणालीलगायतका विषयमा जानकारी दिनुभयो । ■

# सिद्धार्थनगरमा विद्यार्थीसँग अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयले भदौ ७ गते लुम्बिनी वाणिज्य क्याम्पसका विद्यार्थीहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

क्याम्पसका स्नातकोत्तर तहका ५५ जना विद्यार्थीको सहभागितामा कार्यालयले वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा कार्यालयका निर्देशक विज्ञानराज सुवेदीले वित्तीय साक्षरताका विविध पक्ष र कार्यालयबाट सम्पादन हुने कामकारवाहीबारे सहभागीलाई जानकारी दिनुभयो । कार्यक्रममा विद्यार्थीहरूलाई सिद्धार्थनगर कार्यालयको अवलोकन भ्रमणसमेत गराइएको थियो । कार्यक्रममा लुम्बिनी वाणिज्य क्याम्पस, व्यवस्थापन सङ्कायका प्रमुख डा. भगवतीप्रसाद चौधरीको समेत उपस्थिति थियो । ■



## Major Financial Indicators

as on Saun End, 2081 (Mid-Aug, 2024)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 100.23 | 10.50 | 2.28 | 113.01 |
| 2 | Total Credit/GDP | 80.16 | 8.76 | 1.76 | 90.67 |
| 3 | Total Credit/ Total Deposit** | 79.97 | 83.42 | 77.22 | 80.24 |
| 4 | CD Ratio* | 78.45 | 82.64 | 76.44 | 78.80 |
| 5 | Fixed Deposit/Total Deposit | 56.41 | 61.09 | 71.35 | 57.15 |
| 6 | Saving Deposit/Total Deposit | 30.42 | 29.86 | 19.68 | 30.15 |
| 7 | Current Deposit/Total Deposit | 5.58 | 1.66 | 1.12 | 5.13 |
| 8 | Call Deposit/Total Deposit | 6.82 | 7.35 | 6.88 | 6.87 |
| 9 | NPL/ Total Loan^ | 3.76 | 3.62 | 9.87 | 3.86 |
| 10 | Total LLP /Total Loan | 4.38 | 3.88 | 9.34 | 4.42 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 6.03 | 7.74 | 7.27 | 6.22 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 6.74 | 5.68 | 6.69 | 6.64 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 18.47 | 16.01 | 17.34 | 18.21 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.80 | 23.81 | 30.52 | 25.71 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 10.02 | 10.67 | 12.77 | 10.12 |
| 2 | Total Capital/RWA | 12.72 | 13.26 | 14.78 | 12.80 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,063 | 1,135 | 288 | 6,486 |
| 3 | No. of Deposit Accounts | 48,234,217 | 7,119,443 | 901,645 | 56,255,305 |
| 4 | No.of Loan Accounts | 1,574,414 | 281,810 | 43,259 | 1,899,483 |
| 5 | No. of Branchless Banking Centers | 1,090 | 17 | - | 1,107 |
| 6 | No. of Branchless Banking Customers | 297,992 | 1,664 | - | 299,656 |
| 7 | No. of Mobile Banking Customers | 21,413,334 | 3,310,674 | 237,157 | 24,961,165 |
| 8 | No. of Internet Banking Customers | 1,362,344 | 584,399 | 16,084 | 1,962,827 |
| 9 | No. of ATMs | 4,808 | 348 | 44 | 5,200 |
| 10 | No. of Debit Cards | 11,840,876 | 1,092,733 | 63,696 | 12,997,305 |
| 11 | No. of Credit Cards | 288,836 | 1,900 | - | 290,736 |
| 12 | No. of Prepaid Cards | 185,073 | 1,903 | - | 186,976 |

| | | |
|---|---|---|
| **E. Interest Rate(%)** | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **5.66** |
| | (a) Saving | 3.43 |
| | (b) Fixed | 7.93 |
| | (c) Call | 1.45 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **9.68** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Asar end of FY2080/81 (2023/24)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit $= \frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा चार वटा तालिम/कार्यशाला सम्पन्न





बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ भदौ महिनामा तीन वटा तालिम र एक कार्यशाला सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले भदौ ५ र ६ गते भक्तपुरको बोडेमा 'Training on Arbitration' विषयमा अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। तालिममा काठमाडौंस्थित विभिन्न विभाग/कार्यालयका ३३ जना कर्मचारीको सहभागिता थियो। छ वटा सेसनमा सञ्चालित उक्त तालिममा सहभागीलाई कानुनी मध्यस्थताको अवधारणा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था, मुद्दा मामिला, विवाद र समस्या र विवाद निरूपणका सैद्धान्तिक, प्रयोगात्मक तथा व्यावहारिक अभ्यासबारे प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले भदौ ११ गते 'Income Tax of Staff and TDS Calculation in NRB' विषयक एक दिने कार्यशाला आयोजना गऱ्यो। आयकरसम्बन्धी विद्यमान ऐन, नियम तथा प्रचलित कानुनी व्यवस्था, कर्मचारीको तलब/भत्तालगायत अन्य आर्थिक सुविधा र विभिन्न भुक्तानीमा गरिने करकट्टीजस्ता विषयमा सैद्धान्तिक ज्ञान प्रदान गर्ने उद्देश्यले उक्त कार्यशाला आयोजना गरिएको जनाइएको छ। तीन वटा सत्रमा सञ्चालित उक्त कार्यशालामा ३५ जना कर्मचारीको सहभागिता थियो।

केन्द्रले भदौ २४ देखि २७ सम्म 'Financial Stability and Macro Prudential Policies' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। तालिममा काठमाडौंस्थित विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो। १२ वटा सेसनमा सञ्चालित उक्त तालिममा सहभागीलाई वित्तीय स्थायित्व र समष्टिगत विवेकशील नियामकीय नीतिको अवधारणा, सोसम्बन्धी बासेलका सिद्धान्त, वित्तीय स्थायित्वका सूचक, प्रणालीगत जोखिम, बाह्य क्षेत्र सन्तुलन, नेपालमा वित्तीय स्थायित्वका सवाललगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले भदौ २४ देखि २७ गतेसम्म 'Risk Based Internal Audit' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। १२ वटा सेसनमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३५ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई नेपाल राष्ट्र बैंकमा आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणालीको अभ्यास, जोखिममा आधारित लेखापरीक्षणको अवधारणा, बैंकमा जोखिम व्यवस्थापको अभ्यासलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। ■

**प्रकाशक**

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: १३९/१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

**सम्पादक**

**डा. भागवत आचार्य**

**सम्पादन सहयोगी**

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

**ले-आउट**

संजीव दाहाल